# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय
# गेटा, कैलाली
## (प्रथम १०० दिनको समग्र प्रगति तथा प्रमुख उपलब्धि विवरण)

### १. प्रमुख उपलब्धि तथा गतिविधिहरू

### (क) नेतृत्व स्थापना र सुरुवात (मिति २०८२/०९/२३ गते)

- उपकुलपति (प्रा. डा. सुनिल कुमार जोशी) र रजिस्ट्रार (डा. खेम राज जोशी) को नियुक्ति तथा शपथग्रहण सम्पन्न।

### (ख) पूर्वाधार तथा प्राविधिक विकास

- विश्वविद्यालयको आधिकारिक वेबसाइट निर्माण तथा सञ्चालन।
- विश्वविद्यालय परिसरको सरसफाइ, व्यवस्थापन तथा पूर्वाधार सुधार।
- विश्वविद्यालय केन्द्रीय प्रशासन भवन तथा आवास व्यवस्थापन ।

### (ग) शैक्षिक कार्यक्रम सञ्चालन तयारी

पाठ्यक्रम निर्माणका लागि मस्यौदा समिति गठन ७ वोटा कार्यक्रम विश्वविद्यालयका निम्न अनुसारको पाठ्यक्रम निर्माण मस्यौदा समिति गठन र पाठ्यक्रमको प्रारूप तयार

१. Bachelor of Medicine and Bachelor of Surgery (MBBS)
२. Bachelor of Dental Surgery (BDS)
३. Bachelor of Science in Nursing (B.Sc. Nursing)
४. Bachelor of Physiotherapy (BPT)
५. Bachelor of Pharmacy (B. Pharmacy)
६. Bachelor of Public Health (BPH)
७. Bachelor of Optometry (B Optom)

- आ. व. २०८३/०८४ देखि MBBS (५०), Nursing (३०), B.Sc. MLT (२०), B. Optometry (२०) कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रकृयाको थालनी ।
- चिकित्सा शिक्षा आयोगमा Self-Appraisal Form पेश।

### (घ) नीतिगत तथा संरचनात्मक विकास

विश्वविद्यालयका बिभिन्न नियमावलीको मस्यौदा समिति गठन

१. शिक्षक तथा कर्मचारी नियमावली
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली

३. खरीद नियमावली

४. अनुसन्धान केन्द्र नियमावली

५. बिषय समिति नियमावली

६. विश्वविद्यालयको सांगठनिक संरचना, झण्डा र छाप

७. संगठन तथा व्यवस्थापन सर्वेक्षण

- नियमावली सम्बन्धी कार्यशाला तथा गोष्ठी आयोजना।
- नेपाल सरकार अर्थ मन्त्रालय बाट स्वीकृति प्राप्त
- विश्वविद्यालयको चौथो सभाबाट माथि उल्लेखित नियमावलीहरू पारित

**(ङ) मानव संसाधन व्यवस्थापन**

- निर्वाचन आयोगको अनुमति प्राप्त गरि ७७ जना प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापक पदका लागि विज्ञापन प्रकाशन।
- करार शिक्षक छनौट कार्यविधि निर्माण।

**(च) प्रशासनिक तथा वित्तीय पहल**

- विश्वविद्यालय अनुदान आयोगमा रहेको गेटा मेडिकल कलेजको बजेट विश्वविद्यालयमा हस्तान्तरणका लागि पहल।
- सम्पत्ति तथा दायित्व हस्तान्तरण तथा कर्मचारी व्यवस्थापन प्रक्रिया अगाडि बढाइएको।
- आगामी आर्थिक वर्षका लागि रु. २ अर्ब ५३ करोड बजेट तयार गरी पेश।
- यस आ.व. २०८२/८३ मा शिक्षकहरूको तलबको लागि रु. ५ करोडभन्दा बढी रकम नेपाल सरकार अर्थ मन्त्रालय बाट विनियोजन।

**(छ) छात्रवृत्ति तथा स्रोत सुनिश्चितता**

- ७५% छात्रवृत्ति सुनिश्चित गर्न पहल।
- ७५% छात्रवृत्तिका लागि रु. ७.३९ करोड सुनिश्चित।

**(ज) संस्थागत गतिविधि**

- विश्वविद्यालय सभाको चौथो बैठक सम्पन्न।

**२. संस्थागत विकास र सञ्चालन**

- ऐन, २०८२ बमोजिम विश्वविद्यालयको औपचारिक सञ्चालन।
- सभा, कार्यकारी परिषद् तथा विभिन्न समितिहरू गठन।

## ३. स्वास्थ्य सेवा तथा शिक्षा विस्तार योजना

- यथासिघ्र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय शिक्षण अस्पताललाई ३०० बेडमा स्तरोनत्तरी गर्ने तथा स्कूल अफ हेल्थ साइन्सेज को बेसिक साइन्स बिभागहरुका ल्याबहरु सेटअप गर्ने योजना।
- Satellite Health Center स्थापना तथा टेलिमेडिसिन, Cath Lab सेवा सञ्चालनको योजना।

## ४. वित्तीय व्यवस्थापन तथा बजेट

- आ.व. २०८२/०८३ को बजेटः रु. ४९ करोड १३ लाख
- आ.व. २०८३/०८४ का लागि प्रस्तावित बजेटः रु. २ अर्ब ५३ करोड
- विभिन्न स्रोतबाट आय सुनिश्चित गर्ने पहल।

## ५. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसंग समन्वय

- विश्वविद्यालयले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत संचालित अस्पतालसँग सम्झौता गर्न पहल गरेको ।

## ६. समग्र उपलब्धि

- नेतृत्व स्थापना र संस्थागत संरचना सुदृढीकरण।
- शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक तयारी तथा नियामक प्रक्रिया सम्पन्न।
- पूर्वाधार, नीति, मानव संसाधन तथा वित्तीय व्यवस्थापनमा उल्लेखनीय प्रगति।
- स्वास्थ्य सेवा विस्तार तथा अनुसन्धान मुखी विश्वविद्यालयको स्पष्ट दिशा निर्धारण।

पहिलो १०० दिनमा विश्वविद्यालयले संस्थागत ढाँचा, शैक्षिक कार्यक्रम, नियमावली, जनशक्ति, बजेट तथा पूर्वाधार क्षेत्रमा आधारभूत तर महत्त्वपूर्ण कदमहरू चालिसकेको छ। आगामी दिनमा यी प्रगतिलाई मूर्त रूप दिँदै शिक्षण सुरु गर्न, पाठ्यक्रम कार्यान्वयन गर्न र प्रभावकारी प्रशासन स्थापित गर्न निरन्तर प्रयास गरिनेछ।